सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

आदेश

०७८-WO-०६६०

मुद्दा: -उत्प्रेषणसमेत।

जिल्ला रौतहट साविक रंगपुर गा.वि.स. वडा नं. २ हाल गुजरा न.पा. वडा नं. १ घर भई थारु कल्याणकारीणी सभाको केन्द्रिय महामन्त्री अख्तियार प्राप्त व्यक्ति प्रेमीलाल प्रसाद चौधरी---------------------------------------------------१ निवेदक

जिल्ला उदयपुर सुन्दरपुर गा.वि.स. वडा नं. ८ परिवर्तित चौडण्डीगढी न.पा. वडा नं. ५ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. २९ बस्ने अधिवक्ता श्रवण कुमार चौधरी---------------------------------------------------------------१

बिरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार---------------------------१

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड केन्द्रिय कार्यालय, काठमडौं-------------------१

नेपाल राष्ट्र बैंक केन्द्रिय कार्यालय, बालुवाटार, काठमाडौं----------------------१

नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार------------------------------------१

लोकसेवा आयोग, केन्द्रिय कार्यालय, कमलपोखरी, काठमाडौं------------------१ विपक्षी

नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार-------१

संघीय संसद सचिवालय, काठमडौं-----------------------------------------१

थारु आयोग, नेपाल अनामनगर, काठमाडौं-----------------------------------१

नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम यस अदालतको असाधारण क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छ।

तथ्य खण्ड

१. नेपालको वि.स.२०६८ सालको जनगणना नेपालको जनसंख्या अनुसार थारू समुदाय चौथो ठुलो जाती हो। थारू कल्याणकारिणी सभा एउटा थारू समुदायको पुरानो गैर सरकारी संस्था हो। यो संस्थाको जन्म वि.स.२००५ सालमा भएको हो, थारू समुदायको हक हितमा स्थापनाकाल देखि नै थारू को हक हितमा आवाज उठाउँदै आएको हो।



श्री सर्वोच्च अदालतबाट नक्कल बमोजिम ... को निवेदक ... नक्कल दिनु पाना १ को ... का दरले जम्मा पाना २५
CamScanner

यो संस्था विभिन्न लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय रुपमा आफ्नो समुदायको हक हित र पहिचानको तर्फबाट सक्रिय भई थारू समुदायको हक अधिकार सम्वन्धमा आवाज उठाउदै आएको हो। निवेदक मध्ये म श्रवण कुमार चौधरी, थारू समुदायको कानून व्यवसायीको रुपमा विगत १६/१७ बर्ष देखी अनवरत रुपमा अभ्यासरत छु । थारु समुदायको बिषय सार्वजानिक सरोकारको बिषय हो ।

२. नेपालको संविधानद्वारा प्रदत संवैधानिक हक प्राप्त गर्नको लागि विभिन्न समय र मितिमा नेपाल सरकारलाई ध्यानाकर्षण पत्र, ज्ञापनपत्र, विज्ञप्ती तथा नेपाल सरकार र थारू कल्याणकारिणी सभा थरूहट/थारू वान संयुक्त संघर्ष समितिका बीचको सहमती २०७८।२।१८ गते भएको छ। नेपालको वर्तमान संविधानले धारा ४२ मा सामाजिक न्यायको हक थारू समुदायलाई संवैधानिक मौलिक हक अन्तर्गत समानुपातिक समावेशी सिद्धान्तका आधारमा धारा-४७ ले सो हक कार्यान्वयन गर्न यो संविधान जारी भएको मितिले ३ बर्ष भित्र कानून वनाई लागू गर्ने कानूनी व्यवस्था गरेको छ। तर विपक्षी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड केन्द्रीय कार्यालय काठमाण्डौबाट मिति २०७८।७।१४ गते खुल्ला विज्ञापनका लागि अनलाइन दरखास्त फाराम भर्ने सम्वन्धी अनलाईन सूचना निजको कार्यालयको वेवसाइटमा अध्ययन गर्दा खुला र समावेशी क्लस्टर छुट्याई प्रकाशन गरेको र समावेशी खण्डमा महिला, आदिवासी जनजाति, मधेशी, दलित, अपाङ्ग पिछडिएको क्षेत्र उल्लेख रहेको तर थारू क्लस्टर नछुट्याएको हुँदा सम्पूर्ण थारू समुदाय माथि नै नेपालको संविधानको धारा-३३ रोजगार सम्वन्धी मौलिक तथा संवैधानिक हकमा समेत आघात गरी परीक्षा केन्द्र परीक्षा सो विज्ञापनमा पछि सूचना प्रकाशित गरी जानकारी गराइनेछ भनी कार्यक्रम रहेको हुँदा, हामी सरोकारवालाहरु थारू आयोगमा द.नं. १३० मिति २०७८।८।१६ मा निवेदन दर्ता गरी सो थारू आयोगले मिति २०७८।८।१९ गतेको निर्णय अनुसार हाम्रो संवैधानिक हकहरु हनन भएको हाम्रो समुदायलाई पनि थारू क्लस्टर छुट्याई पुनः विज्ञापन गर्न विपक्षीहरुलाई परिपत्र गरे तापनि अटेर र नजअन्दाज गरी थारू समुदायको पेशा रोजगार र संवैधानिक हकलाई अवरुद्ध गराई अपुरणीय क्षति हुन भएकोले अन्य वैकल्पिक तथा प्रभावकारी उपचारको बाटो समेतको अभावबाट न्यायको लागि नेपालको संविधानको धारा १३३ (२)(३) वमोजिम सम्मानित अदालतको शरणमा आएका छौं। रिट निवेदक अधिवक्ता शान्ति कुमारी मोदीले सम्मानित सर्वोच्च अदालतमा रिट नं. ०७३-WO-०२७३ मा परमादेश लगायत अन्य उपयुक्त आदेश जारी गरी पाऊँ भनी यस स.अ.मा निवेदन दिएकोमा सम्मानित अदालतबाट मिति २०७४।७।१५ गते भएको आदेशमा थारू जातिलाई नेपालको संविधान धारा-४२ वमोजिम विभिन्न निकायका पदहरुमा ७ प्रतिशत आरक्षण गर्नुपर्ने सामाजिक न्यायको हक अन्तर्गत सामावेशीताको आधारमा आरक्षण

गर्नु/भनी वास्तविक र व्यवहारसंगत रुपमा कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरुको नाउँमा परमादेश जारी गरी दिएको छ। सो फैसला समेतलाई वेवास्ता गरी बिपक्षीहरुले गरेको विज्ञापन वदर गरी पाऊँ।' यसरी बिपक्षीहरु यस्तो वदनियतपूर्णको हालको कार्यले हामी निवेदकहरुको थारू समुदाय माथि विभेद गरिएको प्रष्ट छ । हामी निवेदक थारू क्लस्टर नराखाले असमान किसिमले संविधान र कानूनद्वारा विभेद गर्ने गरी विज्ञापन गरेमा मुलुकी देवानी संहिता, २०७४ को दफा-१७, १८ दफा २० द्वारा प्रदत कानूनी हक तथा मौलिक नेपालको संविधानको धारा १७,१८,२५, २६, ३३, ४२ द्वारा प्रद्धत मौलिक हक तथा संवैधानिक समेत हनन हुन गएको प्रष्ट छ। अतः विपक्षी थारू आयोगले गरेको परिपत्र र निर्णयानुसार अन्य बिपक्षीहरुले पुनः बिज्ञापन नगरी थारू क्लस्टर नछुट्याई हामी निवेदकहरुको समुदायको माग वमोजिम सम्मानित सर्वोच्च अदालतको आदेश लागु गरी कार्यान्वयनमा असमान विभेद गर्ने गरी गरेको बिपक्षीको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको विज्ञापन नं. ४२।०७८।७९ देखि १०९।०७८।७९ सम्म नेपालको संविधान धारा ४६ र धारा १३३ (२)(३) वमोजिम उत्प्रेषणको आदेशले वदर गरी यस स.अ.बाट ०७३-WO-०२७३ को रिट निवेदन मिति २०७४।७।१५ मा भएको फैसला आदेश तथा नेपालको संविधानको धारा ४२ र ४७ बमोजिम पुनः विज्ञापन गर्नू गराउनू भनी बिपक्षीहरुको नाममा परमादेश लगायत जे जो चाहिने उपयुक्त आदेश पूर्जी जारी गरी पाउँ। हाल बिपक्षी राष्ट्रिय वाणिज्य बैंकले नेपालको संविधानको धारा ४२,४७ र यस सम्मानित अदालतबाट मिति २०७४।७।१५ मा भएको आदेश विपरित मिति २०७८।७।१४ गतेमा गरिएको विज्ञापन पदपुर्ती सम्बन्धी कार्य पुरा भएको खण्डमा हामी निवेदकहरुको थारू समुदायको मौलिक तथा संवैधानिक हक हनन हुन जाने भई सुविधा संतुलनको हिसावबाट ठूलो अपुरर्णीय क्षेती पुग्ने भएकोले बिपक्षी राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको विज्ञापन नं. ४३/०७८।७९ देखि १०९/०७८।७९ सम्मको विज्ञापनबाट पदपुर्ती गर्ने कार्य नगर्नू नगराउनू, यथास्थितिमा राखी थारू समुदायको क्लस्टर छुट्याई विज्ञापन गरी पदपूर्ती कार्य गर्नू गराउनू भनी सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ (१) नं. वमोजिम बिपक्षीहरुको नाममा अन्तरीम आदेश समेत जारी गरी भन्ने समेत बेहोराको थारु कल्याणकारी सभाको अख्तियारप्राप्त प्रेमिलाल प्रसाद चौधरीले यस अदालतमा पेश गरेको निवेदनपत्र ।

३. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार र कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १, ४, ५, ६, ७ र ८ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं. २ र ३ का हकमा आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नू भनी विफक्षीहरुका नाममा यो

आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। निवेदकले अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने माग गरेको सम्बन्धमा विचार गर्दा सुविधा र सन्तुलनको दृष्टिबाट दुई पक्षको बीचमा छलफल गराई अन्तरिम आदेश जारी हुने नहुने विषयमा निर्णयमा पुग्दा मनासिव हुने देखिएकोले मिति २०७८।९।२६ गतेका दिन छलफलमा उपस्थित हुन विपक्षीहरुलाई सो को सूचना दिनू। साथै सो छलफलको मितिसम्म राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको केन्द्रिय कार्यालयको मिति २०७८।७।१४ मा प्रकाशित विज्ञापन नं. ४३।२०७८।७९ देखि १०९।२०७८।७९ सम्मको पदमा पदपूर्ति गर्ने काम नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(ख) बमोजिम यो अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ। सो को जानकारी विपक्षीहरुलाई दिई नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०७८।९।२० को आदेश।

४. नेपालको संविधानको धारा ४२ मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका आदिवासी, थारू लगायतका नागरिकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने व्यवस्था रहेको छ। राज्यका कुनै पनि निकायमा समावेशिताको सिद्धान्त लागू गर्दा सो निकाय सञ्चालन सम्बन्धी ऐन कानूनमा नै बिभिन्न, क्षेत्रका लागि निश्चित प्रतिशत छुट्टाई आरक्षणको व्यवस्था गरी लागू गरिंदै आएको छ। निजामती सेवा लगायत सैनिक, प्रहरी सेवामा समेत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा महिला, आदिवासी जनजाति, मधेशी, दलित, पिछडिएको क्षेत्र लगायतलाई मात्र आरक्षण प्रतिशत निर्धारण गरी पदपूर्ति गर्ने गरिएको र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १३३ को उपदफा (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी बनेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०७० को विनियम ६ को उपविनियम (८) मा समेत महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्र लगायतका वर्गलाई प्रतिशत छुट्टयाइ आरक्षणको व्यवस्था गरिसकेको छ। नेपाल आदिवासी/ जनजाति उत्थान राष्टिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा सुचीकृत भएको जनजातिको क्रमसंख्या २० मा थारू जाति समेत समावेश भएको देखिन्छ। राष्ट्रिय वाणिज्य बैंकले पदपूर्तिको लागि विज्ञापन गर्दा आदिवासी/जनजातिको लागि कोटा छुट्टयाई सूचनामा प्रकाशन गरेकोले थारु जातिले आदिवासी/जनजातिलाई छुट्टयाएको सिटमा प्रतिष्पर्धामा सहभागी हुन पाउने नै देखिन्छ। तसर्थ, प्रचलित कानूनको आधारमा आदिवासी/ जनजाति अन्तर्गत थारु जातिको लागि समेत सिट छुट्टाई राष्ट्रिय वाणिज्य बैंकबाट मिति २०७८/०७/१४ मा गरिएको विज्ञापन र सोको लागि प्रकाशित सूचना कानूनसम्मत नै रहेको देखिन्छ। निवेदकहरुले सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४।०७।१५ मा भएको आदेश अनुसार विज्ञापनमा



CamScanner

समावेशी हुनुपर्ने कुराको माग दावी लिएको देखिन्छ। उक्त आदेशमा थारु जातिलाई प्रतिशत नै तोकेर आरक्षणको व्यवस्था गर्नु भन्ने व्यहोरा उल्लेख नभई नेपालको संविधानको धारा ४२ को सामाजिक न्यायको हक अन्तर्गत समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागिताको हकलाई वास्तविक र व्यवहारसङ्गत रुपमा कार्यान्वयन गर्न र थारु आयोगको गठन गर्नको लागि आदेश जारी भएको देखिन्छ। माथि प्रकरण नं ३ मा उल्लेख भए अनुसार थारु जातिलाई समेत नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसूचीमा आदिवासी जनजाति अन्तर्गतको जातिमा समावेश गरी हाल निजामती सेवा, सैनिक, प्रहरी र अन्य सरकारी सेवामा थारु समुदायले आरक्षणको माध्यमबाट सरकारी सेवामा प्रवेश पाइरहेको र आगामी दिनमा समेत निजहरुलाई सरकारी सेवामा प्रवेशका लागि कुनै कानूनी बन्देज रहेको नदेखिएको र संवैधानिक निकायको रुपमा थारु आयोग समेत गठन भई सम्मानित सर्वोच्च अदालतबाट जारी भएको आदेश कार्यान्वियन भइसकेको देखिँदा सो आदेश कार्यान्वियन भएन भन्नु निवेदकको मनोगत धारणा मात्र हो। राज्यका निकायहरुलाई थप समावेशी बनाई सामाजिक न्याय सुनिश्चित गर्न नेपाल सरकारले समावेशी सिद्धान्तलाई व्यवहारमा अवलम्वन गर्दै आइरहेको छ। नेपालको संविधानको धारा २६३ बमोजिम थारू समुदायको हकहितको संरक्षण तथा उनीहरुको विकास तथा सशक्तीकरणको लागि नेपाल सरकारलाई सुझाव दिने समेतको कार्यका लागि थारू आयोग ऐन,२०७४ जारी भई थारू आयोगको स्थापना समेत भइसकेको र सो आयोगबाट आफ्नो समुदायको हक हितका लागि कार्य समेत हुँदै आइरहेको छ। उक्त आयोगबाट थारु समुदायको हकहितको संरक्षण तथा उनीहरुको विकास तथा सशक्तिकरणको लागि कुनै नयाँ कानून बनाउनु परेमा वा विद्यमान कानूनमा संशोधन गर्नु परेको अवस्थामा सम्बन्धित निकायबाट कानून निर्माण एवम् परिमार्जन हुन सक्ने नै देखिँदा निवेदन माग अनुसारको रिट जारी हुनुपर्ने होइन भन्ने समेत बेहोराको **नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।**

५. प्रस्तुत रिट निवेदमा निवेदकले उठाएको विषय सार्वजनिक सरोकार र सार्थक सम्बन्ध छैन,कोटा छुट्टयाई विज्ञापन गर्नुपर्ने विषय नीतिगत विषय हुने, राष्ट्रिय वाणिज्य बैंकको विनियमावलीलाई चुनौति नदिएको,. बैकल्पिक उपचारको विद्यमानता रहेको समेतका आधारमा राष्ट्रिय वाणिज्य बैंकको कार्य सञ्चालनमा अवरोध गर्ने मनसायले प्रस्तुत रिट खारेज गरिपाउँ भन्ने समेत **बेहोराको राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट पेश भएको लिखित जवाफ।**

६. नेपाल राष्ट्र बैंक सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुको नियमनकारी निकाय र नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको एक स्वशासित र संगठित संस्था हो।

बैंक तथा वित्तीय संस्थाहरुले कर्मचारीहरुको नियुक्ति, बढुवा तथा सरुवा सम्बन्धमा जारी गर्ने कर्मचारी विनियमावली यस बैंकबाट स्वीकृति प्राप्त भएपछि मात्र लागू हुने गर्दछ। राष्ट्रिय वाणिज्य बैंक लि. को नियमनकारी निकायको हैसियतले उक्त बैंकको कर्मचारी विनियमावली यस बैंकको स्वीकृति भई लागू भएको हो। उक्त विनियमावलीमा कर्मचारी नियुक्ति सम्बन्धमा भए गरेका व्यवस्थाहरुमा खुला प्रतिस्पर्धा तथा समावेशी प्रतिस्पर्धा दुवैलाई समेट्नु पर्ने व्यवस्था रहेको र निवेदकको माग बमोजिम थारु समुदायको समावेशी छुट्टै क्लस्टर बनाई के कसरी लागू गर्ने भन्ने सम्बन्धमा छुट्टै ऐन नबनिसकेको अवस्थामा समावेशी अन्तर्गत आदिवासी जनजाति कोटा अन्तर्गत प्रतिस्पर्धा गर्न थारु जातिलाई पनि आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा २(क) मा उल्लेखित अनुसूचीमा समावेश गरेको देखिँदा थारु क्लस्टरलाई समावेशी विज्ञापनमा नराखिएको भन्ने निवेदकको मागदावी सो सम्बन्धी छुट्टै ऐनको अभावमा पूरा हुन नसक्ने हुँदा रिट निवेदनपत्र खारेज गरिपाउँ। नेपालको संविधानको धारा १८ मा रहेको समानताको हक, धारा ३३ मा भएको रोजगारी सम्बन्धी हक तथा धारा ४२ मा भएको सामाजिक न्यायको हक बमोजिम थारु समुदाय समावेशी हुनुपर्ने भन्ने मागदावीमा विवाद नरहेको र थारु समुदायलाई छुट्टै कलष्टरमा समावेशी कोटा अन्तर्गत के कसरी छुट्टयाउने भनी ऐन तथा कानून नबनिरहेको अवस्थामा आदिवासी जनजाति आयोगले सूचीकरण गरेको थरहरु अन्तर्गत थारु समुदायलाई समावेश गरी राष्ट्रिय वाणिज्य बैंकद्वारा पदपूर्तिको विज्ञापन गर्न सकिने नै हुँदा छुट्टै ऐनको अभावमा बैकिङ्ग संस्थाको कर्मचारी भर्ना प्रक्रियालाई ठप्प पारी बैंकको काम कारवाही नै अवरुद्ध हुने गरी दर्ता भएको रिट निवेदनपत्र खारेज गरिपाउँ। जहाँसम्म नेपालको संविधानको धारा ४७ मा मौलिक हकहरुको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानूनी व्यवस्था गरिसक्नुपर्ने भन्ने व्यवस्था छ सो बमोजिम नेपाल सरकारले थारु आयोग सम्बन्धी विधेयक समेत तयार गरी व्यवस्थापिका संसदमा पेश गरिसकेको भनी अधिवक्ता शान्तिकुमारी मोदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको परमादेश समेत (मुद्दा नं. ०७३-WO-०२७३) मुद्दाको निर्णयबाट खुल्न आएको र सो ऐन लागू भइसकेको भनी यस बैंकको जानकारीमा समेत नआएको तथा थारु क्लस्टर बनाई के कसरी कोटा छुट्टयाउने भन्ने सम्बन्धमा नेपाल सरकार, लोकसेवा आयोग तथा सम्मानित अदालतबाट कुनै निर्देशन, परिपत्र जारी नभएको अवस्थामा सो सम्बन्धमा यस बैंकले राष्ट्रिय वाणिज्य बैंक लि. लाई कुनै निर्देशन दिन सक्ने अख्तियारी नहुँदा यस बैंकलाई समेत विपक्षी बनाएको रिट निवेदन पत्र खारेज गरिपाउँ। नेपाल राष्ट्र बैंक संविधान कार्यान्वयनको क्रममा आफ्नो जिम्मेवारीप्रति गम्भीर रहेको, यस बैंकले निवेदकलाई संविधान प्रदत्त हकबाट वञ्चित गराउने कार्य नगरेको र संविधानको

पूर्ण कार्यान्वयनको लागि प्रतिवद्ध रहेको हुँदा यस बैंकलाई समेत विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको नेपाल राष्ट्र बैंकको तर्फ पेश भएको लिखित जवाफ।

७. नेपाल सरकार, अर्थ मन्त्रालय नेपालको संविधान तथा कानून प्रदत्त नागरिकता हक, अधिकारहरुको सम्मान, संरक्षण एवं सम्वर्द्धन गर्ने कुरामा प्रतिबद्ध रहेको छ। विपक्षी रिट निवेदकहरुले यस मन्त्रालयको के कस्तो काम कारबाहीबाट के कस्तो हक अधिकारको हनन भएको हो सो कुराको कहीं कतै जिकिर लिएको देखिँदैन। केवल रिट निवेदनको विरुद्ध खण्डमा मात्र यस मन्त्रालयको नाम समावेश गरेको भरमा रिट निवेदकको माग दावी प्रमाणित हुन सक्ने हुँदैन।. यसर्थ, प्रस्तत रिट निवेदन प्रथमदृष्टि (Prima Facie) मा नै खारेजभागी छ। नेपालको संविधानको धारा ८२ मा नेपाल सरकारबाट स्वीकत नियमावली बमोजिम नेपाल सरकारको कार्यविभाजन र कार्यसम्पादन हुने व्यवस्था रहेको छ। नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा यस मन्त्रालयको कार्यविभाजन भित्र बैंक तथा वित्तिय संस्थाहरु रहेका छन्। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १३३ को उपदफा (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सञ्चालक समितिको स्वीकृत गरी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली, २०७०, (मिति २०७८।६।१३ मा छैठौं संशोधन) विनियमावली कार्यान्वयनमा रहेको देखिन्छ। राष्ट्रिय वाणिज्य बैंक केन्द्रिय कार्यालय रामशाहपथ, काठमाडौंबाट मिति २०७८/०७/१४ गते खुल्ला विज्ञापनका लागि अनलाइन दरखास्त फाराम भर्ने सम्बन्धी सूचना कार्यालयको वेवसाइटमा अध्ययन गर्दा खुला र समावेशी क्लस्टर छुट्याई प्रकाशन गरेको र समावेशी खण्डमा आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग पिछडिएको क्षेत्र उल्लेख रहेको तर थारु कलष्टर नछुट्याइएको हुँदा सम्पूर्ण थारु समुदायमाथि नै नेपालको संविधानको धारा ३३ बमोजिम रोजगार सम्बन्धी मौलिक हक्र तथा संबैधानिक हकमा समेत आघात परेको भनी लिएको जिकिरको सम्बन्धमा हेर्दा राष्ट्रिय वाणिज्य बैंक, कर्मचारी सेवा विनियमावली, २०७० (छैठौं संशोधन, २०७८) को विनियम ६ को उपविनियम (८) मा "बैंक सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिष्पर्धा गराई पदपूर्ति गरिनेछ भनी महिला-३३ प्रतिशत, आदिवासी/जनजाति-२७ प्रतिशत, मधेसी-२२ प्रतिशत, दलित-९ प्रतिशत, अपाङ्ग- ५ प्रतिशत र पिछडिएको क्षेत्र ४ प्रतिशत छुट्याईएको छ। जहाँसम्म रिट निवेदकहरुले लिएको जिकिर छ सो सम्बन्धमा हेर्दा राष्ट्रिय वाणिज्य बैंक कर्मचारी सेवा विनियमावली, २०७० को विनियम ६ को उपविनियम (९) को खण्ड (क) मा

आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीको आधारमा प्रतिष्पर्धामा सहभागी हुन पाउने व्यवस्था रहेको छ। यसै सन्दर्भमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा २ को परिभाषा खण्डमा आदिवासी/जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनु पर्छ' भन्ने व्यस्था भएकोमा सोही अनुसूचीको बुँदा नं. २० मा थारु भनी उल्लेख भएको हुँदा थारु जाति आदिवासी/जनजातिमा पर्ने कुरा स्पष्ट भएको र पदपूर्ति सम्बन्धी सूचना पनि आदिवासी/जनजातिको लागि कोटा छुट्याई प्रकाशन गरेको कुरा रिट निवेदकहरुको रिट निवेदनबाट नै देखिन्छ। उक्त व्यवस्था अनुसार राष्ट्रिय वाणिज्य बैंकबाट मिति २०७८।७।१४ मा गरिएको पदपूर्ति सम्बन्धी सूचना प्रकाशन गरेको कार्य कानूनसम्मत नै हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ। अतः माथि प्रकरणमा उल्लेख गरे अनुसारको आधार र कारण बमोजिम रिट निवेदकहरुको कुनै पनि संवैधानिक एवं कानूनी हकमा यस मन्त्रालयसमेतको कामकारवाहीबाट आघात परेको छैन। रिट निवेदकहरुले निवेदनमा उल्लेख गरेको थारु समुदाय आदिवासी/जनजातिभित्र नै पर्ने र सो अनुसार उक्त सूचना बमोजिम परिक्षामा सामिल हुन पाउने नै हुँदा बिना आधारमा थारु समुदायको कलष्टर छुट्टयाई विज्ञापन गरी पदपूर्ति कार्य गर्नु गराउनु भनी सम्मानित अदालतको समय खेर फाल्ने नियतले प्रस्तुत रिट निवेदन दायर गरेको देखिएको हुँदा सम्मानित अदालतबाट मिति २०७८।९।२० मा जारी भएको अल्पकालिन अन्तरिम आदेश समेत बदरभागी छ, बदर गरी पाउँ भन्ने समेत बेहोराको नेपाल सरकार, अर्थ मन्त्रालयको लिखित जवाफ।

८. निजामती सेवा, सुरक्षा निकाय, संगठित संस्थाका विभिन्न सेवाका पदहरुमा खुला प्रतिष्पर्धाबाट पदपूर्ति गर्दा सम्बद्ध प्रचलित कानूनमा तोकिएको क्लस्टर र त्यसका लागि निर्धारित प्रतिशतको आधारमा विज्ञापन प्रकाशन भई पदपूर्ति हुँदै आइरहेको छ। निजामती सेवालाई समावेशी बनाउने निजामती सेवा ऐन, २०४९ मा तोकिएको विभिन्न क्लस्टर र त्यसका लागि निर्धारित प्रतिशतको आधारलाई राष्ट्रिय मानक मानी विभिन्न संगठित संस्थाले समावेशी क्लष्टर बनाउने गरेको र थारु समुदायको क्लष्टरको लागि कति प्रतिशत निर्धारण गर्ने भन्ने राष्ट्रिय मानक विधायिकाले बनाउने तथा संघीय निजामती सेवा ऐनमा थारु समुदायको क्लष्टरको लागि प्रतिशत निर्धारण भएको अवस्थामा त्यसैलाई राष्ट्रिय मानक मानी सम्बन्धित संस्थाको सेवा शर्त सम्बन्धी कानूनमा व्यवस्था गर्नुपर्ने अवस्था विद्यमान रहेको बेहोरा सादर अनुरोध गर्दछु। अतः रिट निवेदकले उठाउनु भएको विषयका सम्बन्धमा राष्ट्रिय मानक तोकी कानून बनाउने अधिकार व्यवस्थापिका

संसदको एकलौटी क्षेत्राधिकार (Exclusive legislative competence) भित्रको विषय भएको र रिट निवेदकले उठाउनु भएको थारु समुदायको क्लष्टरको लागि राष्ट्रिय मानक निर्धारण भई नसकेको अवस्थामा आयोगबाट थारु समुदायको क्लष्टर छुटयाई विज्ञापन गरी पदपूर्ति गर्ने कार्य गर्न परामर्श तथा सहमति प्रदान गर्न नसकिएको र सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७।८।१७ मा रिट नं. ०७५-WO-१०७१ को उत्प्रेषण, परमादेश समेत मुद्दामा भएको उल्लिखित फैसलामा "... चौथो संशोधन विनियमावली, २०७५ तथा सो चौथो संशोधन विनियमावली बमोजिम कर्मचारी पदपूर्ति गर्ने सम्बन्धमा भए गरिएका काम कारवाहीहरु समेत उत्प्रेषणको आदेशको अमान्य र बदर घोषित गरिएको छ। अब कानूनी रित र प्रक्रिया पूरा गरी विनियमावलीमा संशोधन गर्ने केही समय लाग्ने अवस्था देखिएको र प्रत्यर्थी मध्येको राष्ट्रिय वाणिज्य बैंक लि. मा सैकडौं संख्यामा कर्मचारी दरबन्दी रिक्त रहेको भई कार्य संचालनमा गम्भीर कठिनाई पैदा भएको अवस्था देखिन आएको हुँदा प्रत्यर्थी राष्ट्रिय वाणिज्य बैंक लि. मा हाल रिक्त रहेका कर्मचारी पद राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली, २०७० मा गरिएको उल्लिखित चौथो संशोधन, २०७५ जारी हुनुपूर्व वहाल रहेको विनियमावली समेतका कानूनी प्रावधान बमोजिम कर्मचारी पदपूर्ति सम्बन्धी काम कारवाही अविलम्ब गर्नु गराउनु भनी प्रत्यर्थीहरुका नाउँमा परमादेश समेत जारी हुने ठहर्छ" भन्ने समेत बेहोराको आदेश जारी भएकोले पूर्ववर्त कानूनी व्यवस्था अनुसार नै पहिले रद्द भएको विज्ञापनलाई पुनः विज्ञापन गरिएको हुँदा निवेदकले माग गरे जस्तो थप क्लष्टर छुटयाई विज्ञापन गर्न मिल्ने अवस्था नरहेको हुँदा यस आयोगलाई समेत विपक्षी बनाई दायर गर्नु भएको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको लोक सेवा आयोग केन्द्रिय कार्यालय कमलपोखरीको लिखित जवाफ।

९. नेपालको अन्तरिम संविधान, २०६३ जारी भए पश्चात समावेशी प्रजातन्त्र नेपाली समाजको एक आधारभूत पक्ष बन्दै आएको छ। नेपालको संविधान तथा सरकारी सेवा सम्बन्धी कानूनमा समावेशी सिद्धान्तलाई अवलम्बन गरी विविधतामूलक नेपाली समाजको चरित्रलाई सरकारी सेवामा समेत प्रतिबिम्बित गरिएको छ। नेपालको संविधानको धारा १८ को उपधारा (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान सरक्षणबाट वञ्चित नगरिने व्यवस्था गरी उपधारा (३) मा राज्यले नागरिकहरुका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने प्रष्ट व्यवस्था गरी सोही उपधाराको प्रतिबन्धात्मक वाक्याँशमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ

नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न, खस कार्य लगायत नागरिकको संरक्षण सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने संवैधानिक व्यवस्था रहेको छ। धारा ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गरी सोही धाराको उपधारा (१) मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने व्यवस्था रहेको छ। उल्लिखित संवैधानिक व्यवस्था बमोजिम निजामती सेवा लगायतका सरकारी सेवामा समावेशी सिद्धान्तका आधारमा पदपूर्ति गर्ने व्यवस्था रहेको र नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेका निकायमा समेत सोही बमोजिम पदपूर्ति हुँदै आएको छ। नेपालको संविधान, प्रचलित कानून र सम्मानित अदालतबाट समय समयमा जारी भएको आदेशको कार्यान्वयन गरी समावेशी सिद्धान्तका आधारमा सारभूत समानता कायम गर्न नेपाल सरकार प्रतिबद्ध रही क्रियाशील रहँदै आएको छ। सबै वर्ग वा समुदायलाई राज्यबाट प्राप्त हुने सेवा, सुविधा र अवसरमा समान पहुँच र सहभागीताको हक हुने कुरामा कुनै दुविधा छैन। विविधतायुक्त नेपाली समाजको सवै वर्ग, जात, जाति वा समुदायको लागि छुट्टाछुट्टै आरक्षणको व्यवस्था गरिनु व्यवहारिक र सम्भव हुने पनि देखिँदैन। प्रचलित सेवा सम्बन्धी कानूनमा समूहकृत (clustering) गरी सोही आधारमा आरक्षण गरिएको देखिन्छ। थारु समुदायको लागि छुट्टै कलस्टर नदेखिए पनि थारु समुदायलाई समावेशी सिद्धान्तबाट अलग गरिएको अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ।

१०. जहाँसम्म रिट निवेदकले उल्लेख गर्नु भएको विपक्षी राष्ट्रिय वाणिज्य बैंकले नेपालको संविधानको धारा ४२, ४७ र सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४।७।१५ मा भएको आदेश विपरित मिति २०७८।७।१४ गते गरिएको विज्ञापन पद्पुर्ति सम्बन्धी कार्य पूरा भएको खण्डमा निवेदकहरु लगायत थारु समुदायको मौलिक तथा संवैधानिक हक हनन हुन जाने भई सुविधा सन्तुलनको हिसाबबाट ठूलो अपूरणीय क्षति पुग्ने भएकोले विपक्षी राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको विज्ञापन नं. ४३।७८।७९ देखि १०९।०७८।७९ सम्मको विज्ञापनबाट पदपुर्ति गर्ने कार्य यथास्थितिमा राखी थारु समुदायको क्लस्टर छुट्टयाई विज्ञापन गरी पदपूर्ति कार्य गर्ने गराउने लगायतका विषय राष्ट्रिय वाणिज्य बैंकलिमिटेडबाट सम्पादन हुने कार्य भएको र सो विषयमा संघीय संसद



CamScanner

सचिवालयको कुनै भूमिका एवं क्षेत्राधिकार समेत नरहने भएकोले कानून निर्माण गर्ने कार्यमा प्रशासकीय सहयोग रहने संघीय संसद सचिवालयलाई प्रत्यर्थी बनाउनुको कुनै औचित्य नहुँदा रिट निवेदन खारेजभागी छ भन्ने समेत बेहोराको संघीय संसद सचिवालयको लिखित जवाफ।

११. प्रथमतः नेपालको संविधान २०७२ को भाग २७ को धारा २६३ अन्तर्गत मिति २०७५ कार्तिक २५ गते आयोग स्थापना भई मिति २०७५।१२।७ माननीय अध्यक्ष विष्णु प्रसाद चौधरीलाई नियुक्ति गरिएको हो। सोही समय देखि यस थारु आयोग संविधानको मर्म, भावना र उद्देश्य अनुरुप थारु समुदायको हकहित, संरक्षण, सम्वर्द्धनका साथै मौलिक हकको रुपमा समानुपातिक समावेशिताको सिद्धान्त बमोजिम राज्यका सबै निकायहरु तथा अंगमा सहभागिता सुनिश्चित गर्नका लागि प्रत्यनरत रहेको कुरा सर्वविदितै छ। यसरी लिखित जवाफ प्रस्तुतकर्ता थारु आयोग आफ्नो संवैधानिक तथा कानूनी कर्तव्य अनुसार संविधानको भावना र मर्म अनुरुप छुट्टै क्लष्टर कायम गरि राज्यको सबै निकाय तथा अवसरहरुमा कम्तिमा ७ प्रतिशतको आरक्षण व्यवस्थाका लागि प्रयत्नसिल रहेको प्रष्ट छ। थारु आयोग आफैमा निवेदकको कार्यान्वयन गर्ने कार्यकारी निकाय नभई एक सिफारिस गर्ने निकायको हैसियतले विपक्षीहरुले रिट निवेदन दर्ता गर्न पूर्व देखि नै यसको स्थापना कालबाटै प्रयत्नसिल रहेको कुरा तथ्यहरुको स्थापित गरिरहेको कुरा यस आयोग विरुद्ध विपक्षीहरुको मागबमोजिम आदेशको कुनै औचित्य नरहेको हुँदा यस आयोग विरुद्ध आदेश जारी भईरहनु पर्ने अवस्था नरहेको बेहोरा सादर निवेदन गर्दछु। थारु आयोगद्वारा समानुपातिक समावेशिताका सिद्धान्त अनुरुप मिति २०७६ वैशाख ११ गते आगामी आर्थिक वर्ष २०७६।७७ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा थारु समुदायको सशक्तिकरण सम्बन्धी कार्यक्रम समावेश गर्न सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र स्थानीय तहहरुमा सिफारिस गर्ने भनी बैठकमा पास भई सिफारिस समेत पठाएको अवस्था छ। मिति २०७६।११।२१ मा यस आयोगद्वारा बसेको बैठकमा समानुपातिक समावेशिताका आधारमा राज्यको हरेक निकायमा थारु महिला तथा थारु पुरुषसमेतलाई संविधान प्रदत्त अधिकारका आधारमा राज्यका हरेक क्षेत्रमा सहभागिता गराउन संघीय निजामती सेवा विधेयकको संशोधनका निम्ति मिति २०७७।१२।२५ मा प.सं. २०७७।७८ च.नं. ३२४ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई सिफारिस गरिएको अवस्था छ। मिति २०७८।३।१७ मा आयोगको बैठकद्वारा पारित समानुपातिक समावेशिताका आधारमा थारु समुदायको आरक्षण नछुट्टयाई हरेक निकायले विज्ञापन गरेकोमा पुनः प.सं. २०७७।७८ को च.नं. ४३० मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई सिफारिसका लागि अनुरोध गरिएको छ। संविधानमा व्यवस्था

भएका समानुपातिक समावेशिताका आधारमा राज्यका हरेक तह तथा अंगमा सहभागिता तथा आरक्षणका सम्बन्धमा रिट निवेदनमा उठाएका विषयहरु तथा मागहरुमा निवेदकको संविधान प्रदत्त हक अधिकारबाट वन्चित गराउनु कुनै कार्य नभएको र संविंधानको पूर्ण पालनाका साथ कार्यान्वयनको लागि समेत प्रतिवद्वता रहेको बेहोरा समेत अनुरोध छ भन्ने समेत बेहोराको थारु आयोगको लिखित जवाफ।

१२. निवेदकहरुले यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०७८।९।२० मा भएको अल्पकालिन अन्तरिम आदेशले निरन्तरता पाउनुपर्ने हो, होइन भन्ने सम्बन्धमा हेर्दा, थारु जातिलाई नेपालको संविधानको धारा ४२ बमोजिम विभिन्न निकायका पदहरुमा आरक्षण गर्नुपर्ने भनी दायर भएको रिट निवेदन (०७३-WO-०२७३) मा यस अदालतबाट मिति २०७४।७।१५ मा नेपालको संविधानको धारा ४२ अनुसार अन्य समुदाय र वर्गसगै थारुहरुलाई पनि समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हकको रुपमा सुरक्षित गरेको कुरालाई स्वीकार गर्दै नेपालको संविधानको धारा ४२ को सामाजिक न्यायको हक अन्तर्गत समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायम सहभागिताको हकको वास्तविक र व्यवहारिक रुपमा कार्यान्वयन गर्नु गराउनु भनी जारी भएको आदेश कार्यान्वयन हुनुपर्ने कुरामा दुविधा रहनुपर्ने देखिंदैन। यस अदालतको उक्त आदेश बमोजिम निवेदकको मागलाई सम्बोधन गर्ने विधेयक निर्माण भई प्रकृयामा रही सो सम्बन्धी कानूनले पूर्णता पाइसकेको अवस्था नरहेको र समयमा नै पदपूर्ति नहुँदा सार्वजनिक संस्थाको उद्देश्य अनुरुप कार्य संचालन कठिनाई परिरहेको भन्ने जिकिर विपक्षीहरुको रहेको देखिन्छ। उल्लेखित परिप्रेक्ष्यमा निवेदकले अन्तरिम आदेश माग गरेको विषय निवेदनको अन्तिम सुनुवाई हुँदाको समयमा सम्बोधन गर्न उपयुक्त हुने देखिंदा यस अदालतबाट मिति २०७८।९।२० मा जारी भएको अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता दिनु परेन। प्रस्तुत रिट निवेदन र यस्तै विषय समावेश भएका ०७८-WO-०६६१, ०७८-WO-०६६२, ०७८-WO-०६६३, ०७८-WO-०७७३, ०७८-WO-०७७४, ०७८-WO-०७७५, ०७८-WO-०८३९, ०७८-WO-०८४०, ०७८-WO-०८४१ र ०७८-WO-०८४२ का निवेदनहरु समेतलाई लगाउमा राखी नियमानुसार गर्नू भन्ने यस अदालतको मिति २०७८।११।२२ को आदेश।

## यस अदालतको ठहर

१३. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयको लागि पेश हुन आएको प्रस्तुत निवेदन र लगाउका रिट निवेदनहरु समेतका मिसिल अध्ययन गरियो। यी पेश भएका निवेदनहरुमा निवेदक प्रेमीलाल प्रसाद चौधरीको तर्फबाट निवेदकहरु श्री प्रेमीलाल प्रसाद चौधरी र श्री श्रवण कुमार चौधरीले आफै र निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ

अधिवक्ताहरु श्री राधेश्याम अधिकारी, श्री सतिश कृष्ण खरेल, श्री नृसिंह कुमार खत्री, श्री रमेश प्रसाद गुरागाई, श्री सालिग्राम सापकोटा, श्री विनोद कार्की, श्री सुरेन्द्र थापा, तथा विद्वान अधिवक्ताहरु डा. श्री भिमार्जुन आचार्य, श्री हर्क वहादुर रावल, श्री नागेश्वर प्रसाद चौधरी, श्री रविन्द्र तामाङ, श्री वद्रिराज भट्ट, श्री लिलाधर उपाध्याय, श्री टिका वहादुर कुँवर, श्री सिता भट्ट, श्री श्याम कुमार विश्वकर्मा, श्री मनोज कुमार चौधरी, श्री भूवन प्रसाद वाग्ले, श्री शुशिला चौधरी, श्री कमला रोका गिरी, श्री आर्या श्रेष्ठ, श्री सिताराम चौधरी, श्री रमेश कुमार के.सी., श्री ज्योत्स्ना खनाल, श्री रामानन्द चौधरी समेतले गर्नुभएको बहस सुनियो।

१४. प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, ,कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, लोकसेवा आयोग र संघीय संसद सचिवालय समेतको तर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ता डा. श्री टेक वहादुर घिमिरे, विद्वान सहन्यायाधिवक्ताहरु श्री खेमराज ज्ञवाली, हरि प्रसाद जोशी, श्री सुर्यराज दहाल र श्री दिनेश प्रसाद घिमिरेले गर्नुभएको बहस सुनियो।

१५. प्रत्यर्थी राष्ट्रिय बाणिज्य बैंक लिमिटेड केन्द्रिय कार्यालय, काठमडौंको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री बिष्णु प्रसाद कडेलले गर्नुभएको बहस सुनियो।

१६. प्रत्यर्थी नेपाल राष्ट्र बैंक केन्द्रिय कार्यालय, बालुवाटार, काठमाडौंको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री हेमराज अधिकारी र श्री रामेश्वर भण्डारीले गर्नुभएको बहस सुनियो।

१७. प्रत्यर्थी थारु आयोगको तर्फबाट उपस्थित विद्वान अधिवक्ता महेश्वर प्रसाद चौधरीले गर्नुभएको बहस सुनियो।

१८. यसमा निर्णय तर्फ हेर्दा, प्रस्तुत रिट निवेदनमा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड केन्द्रिय कार्यालयद्वारा विभिन्न श्रेणीको पदमा नियुक्तिको लागि गरिएको विज्ञापनसँग सम्वन्धित देखियो। नेपालको संविधानको धारा १८ को उपधारा (३) को प्रतिवन्धात्मक वाक्यांश, धारा ४२(१) ले "थारु" लाई एंउटा अलग बर्गको रुपमा स्वीकार गरेको अवस्थामा प्रस्तुत निवेदनमा राष्ट्रिय वाणिज्य बैंक र लगाउका अन्य निवेदनहरुमा विभिन्न विपक्षीहरुद्वारा विभिन्न मितिमा विज्ञापित पदहरुमा नियुक्तिको लागि दरखास्त आह्वान गर्दा थारु समुदायको लागि आरक्षणको व्यवस्था नगरिएको, सो नगरेवाट नेपालको संविधानको प्रस्तावना, धारा १६, धारा १८, धारा ४२ समेत द्वारा प्रत्याभूत राज्यका संरचनाहरुमा समानुपातिक समावेशिताको आधारमा सहभागी हुन पाउने हकमा प्रतिकुल असर परेकोले उक्त विज्ञापनहरु उत्प्रेषणको आदेशद्वारा बदर गरी, राष्ट्रिय बाणिज्य बैंक लिमिटेडद्वारा विज्ञापित उक्त पदहरुमा थारु समुदायको लागि आरक्षणको व्यवस्था गरी पुनः विज्ञापन गर्नु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्ने समेत माग निवेदकहरुको देखियो।

१९. विपक्षीहरुको लिखित जवाफ हेर्दा मुख्यरुपमा निवेदकहरु मध्ये कोही पनि दरखास्तवाला नभएको, रिक्त पदहरुमा विज्ञापन गरिदा समावेशितालाई स्वीकार गरेरै विज्ञापन गरिएको, थारु समुदायले खुलाको अतिरिक्त आदिवासी जनजाती र मधेशी समूह अन्तर्गत आरक्षित पदहरुमा दरखास्त दिन पाउने अवस्था रहेको, संविधानले "थारु" लाई छुट्टै समूहको रुपमा स्वीकार गरे पनि सेवा सम्वन्धी कानूनमा सोबारेमा स्पष्ट व्यवस्था नगरिएसम्म थारुलाई अलग्गै समुदायको रुपमा आरक्षण गर्न नसकिने भन्ने जिकिर लिइएको पाइयो। निवेदक र विपक्षीहरु तर्फवाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता र अधिवक्ता तथा विद्वान नायव महान्यायाधिवक्ता समेतको समूहले यिनै जिकिरहरुको सेरोफेरोमा बहस प्रस्तुत गर्नुभयो।

२०. निवेदकहरुले नेपालको संविधानको धारा १३३(२) र (३) अन्तर्गत सार्वजनिक सरोकारको विषय भनी प्रस्तुत रिट निवेदनहरु दर्ता गरेको पाइन्छ। प्रस्तुत निवेदनसँगै सुनुवाई भएका अधिकांश रिट निवेदनहरु थारु कल्याणकारिणी सभाको तर्फवाट दर्ता गरिएको छ भने जहाँ सो गरिएको छैन सोमा पनि निवेदकहरु थारु समुदायका व्यक्तिहरु नै देखिनुहुन्छ। त्यसैले रिट निवेदनमा उठाइएको विषयमा निवेदकहरुको तात्विक सरोकार र अर्थपूर्ण सम्वन्ध रहने देखिँदा यी रिट निवेदनहरुलाई नेपालको संविधान अन्तर्गत सार्वजनिक सरोकारको विवादको रुपमा स्वीकार गर्न कुनै आपत्ति हुने देखिएन। त्यसैले नेपालको संविधानले अंगिकार गरेका समानता, समान संरक्षण, विभेदहिनता, सकारात्मक विभेद र समानुपातिक समावेशिता सम्वन्धी व्यवस्थाको प्रारुप, मूल तत्व र मान्यता समेतको सन्दर्भमा निवेदकहरुले उठाएको विषयलाई हेरिनु र सन्दर्भिक समस्त प्रश्नहरुमा आवश्यक र उचित आदेश दिइनु वाञ्छनीय हुन आयो।

२१. प्रस्तुत रिट निवेदन राष्ट्रिय वाणिज्य वैङ्कले गरेको कर्मचारी भर्ना सम्वन्धी विज्ञापनसँग सम्वन्धित देखिन्छ भने आजै पेश भएका विभिन्न रिटहरु[1] निजामती सेवा ऐन आकर्षित हुने लोकसेवा आयोग, प्रदेश लोक सेवा आयोगद्वारा विज्ञापित पदहरु त्यसै गरी विभिन्न वैङ्कहरु, कानून वमोजिम स्थापित प्राधिकरण, कोष, वोर्ड, कम्पनी, विश्वविध्यालय, प्रतिष्ठान, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलद्वारा विज्ञापित विभिन्न तहका पदहरुसँग

[1] , ०७८-WO-०६६१, ०७८-WO-०६६२, ०७८-WO-०६६३, ०७८-WO-०७७३, ०७८-WO-०७७४, ०७८-WO-०७७५, ०७८-WO-०८३९, ०७८-WO-०८४०, ०७८-WO-०८४१, ०७८-WO-०८४२, ०७८-WO-०८९४, ०७८-WO-०९६६, ०७८-WO-०९६७, ०७८-WO-०९६८, ०७८-WO-११५०, ०७८-WO-११५१, ०७८-WO-११५२, ०७८-WO-१२६२, ०७८-WO-१२६३, ०७८-WO-१२६४, ०७९-WO-०१३१, ०७९-WO-०१३२, ०७९-WO-०१३९, ०७९-WO-०१९१, ०७९-WO-०१९२, ०७९-WO-०१९३, ०७९-WO-०२७१, ०७९-WO-०२७२, ०७९-WO-०२७३, ०७९-WO-०३८१, ०७९-WO-०३८२, ०७९-WO-०३८३, ०७९-WO-०३८४, ०७९-WO-०४४१, ०७९-WO-०४४२, ०७९-WO-०४४३, ०७९-WO-०५५७, ०७९-WO-०५५८, ०७९-FN-०४१५, ०७९-FN-०४६०, ०७९-FN-०४९६, ०७९-FN-०५१३.

सम्वन्धित देखिन्छ। यी सवैमा निवेदकहरुको माग थारु समुदायको लागि आरक्षण नै छ। त्यसैले सवै निवेदनहरुलाई संविधान र विध्यमान कानूनी व्यवस्थाहरुको रोहमा हेरी साझा दृष्टिकोण राखी निरुपण गर्न सकिने देखियो। तसर्थ उपर्युक्त सन्दर्भमा प्रस्तुत रिट निवेदन, लिखित जवाफ र बहस जिकिर समेत हेर्दा देहायका प्रश्नहरुको निरुपण हुनु वान्छनीय देखियो।

क. नेपालको संविधानले अङ्गिकार गरेको समानता, विभेदहिनता र सकारात्मक विभेद सम्वन्धी व्यवस्थाहरुको संवैधानिक परिलक्ष्य के हो?

ख. नेपालको संविधानको धारा १८ र धारा ४२ का विद्यमान व्यवस्थाको आलोकमा निजामती सेवा ऐन, २०४९ र विभिन्न वैङ्कहरु, कानून वमोजिम स्थापित प्राधिकरण, कोष, वोर्ड, कम्पनी, विश्वविद्यालय, प्रतिष्ठान, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल लगायतका निकायका पदपुर्ती सम्बन्धी कानूनमा रहेको आरक्षण सम्बन्धी व्यवस्था विच तादम्यता छ वा छैन?

ग. निवेदको माग बमोजिमको आदेश जारी हुनुपर्न हो वा होईन?

२२. **नेपालको संविधानले अङ्गिकार गरेको समानता, विभेदहिनता र सकारात्मक विभेद सम्वन्धी व्यवस्थाहरुको संवैधानिक परिलक्ष्य के हो?** भन्ने पहिलो प्रश्न तर्फ हेर्दा, नेपालको संविधानले समाजमा विध्यमान सवै प्रकारका विभेद र उत्पीडनको अन्त्य तथा समानता, सामाजिक न्याय, समानुपातिक, समावेशी र सहभागितामूलक सिद्दान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने र यही माध्यमवाट विकास र समृद्धीको आकंक्षा पुरा गर्ने संकल्प गरेको कुरा स्पष्ट नै छ। संविधानको प्रस्तावना तथा बिभिन्न व्यवस्थाहरुमा सबै प्रकारका विभेद र जातीय छुवाछुतको अन्त्य गरी समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने तथा समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको स्पष्टसँग देखिन्छ। सोही संवैधानिक संकल्प एवं परिलक्ष्यको कार्यान्वयन गर्ने सन्दर्भमा संविधानले समानता, विभेदहिनता र सकारात्मक विभेदका व्यवस्थाहरु गरेको छ। लोकतन्त्रको यात्रा मुलतः समानता, समता र सहभागिताको यात्रा हुँदा यसको संविधानसम्मत भाष्य निर्माण गरिनु अहिलेको अपरिहार्यता हो।

२३. यसै सन्दर्भमा हेर्दा, नेपालको संविधानको धारा १८ मा समानता सम्वन्धी आधारभूत व्यवस्था गरिएको छ। यस भित्र **"कानूनको दृष्टिमा समानता"** एवं **"कानूनको समान संरक्षण"** भन्ने शब्दावलीहरु प्रयोग गरिएका छन्। समानताको अर्थ सबै दृष्टिमा पूर्ण समानता होइन, किनकी वस्तुगत रुपमा व्यक्तिहरुको योग्यता, क्षमता, सीप, उर्जा, चाहना, समर्पण आदि फरक हुन सक्छ। पूर्ण समानता समाज वा राज्यको चाहना हुन सके पनि यथार्थ हुन सक्दैन। समानताको अर्थ पूर्ण समानता नभै जीवन, स्वतन्त्रता,

प्रतिष्ठा, र सुखको खोजी जस्ता अहस्तान्तरणीय अधिकारहरुमा समानता भन्ने हुन्छ। यो भन्दा पर गयो भने समानता अयथार्थ हुन पुग्छ। त्यसैकारण समानताको अवधारणाले तर्कसंगत वर्गिकरणलाई स्वीकार गर्छ।

२४. समानता अर्को आयाम स्वेच्छाचारिताको अस्वीकृति हो। यो अवधारणाले कार्यपालिकी, विधायिकी वा न्यायिक कार्यमा हुने कुनै किसिमको स्वेच्छाचारितालाई स्वीकार गर्दैन। यो यसको न्युनतम मान्यता हो। साथै यसले कारवाहीमा तर्कसंगतता र विवेकसम्मतता पनि खोज्छ। समानता भित्र समाजमा रहेका असमानतालाई हटाउन कानून निर्माण गर्नुपर्ने सकारात्मक दायित्व पनि पर्छ र यो दायित्व राज्यलाई सुम्पिएको मानिन्छ। समानताको अर्थ भेदभावको अन्त्य पनि हो। यसले नागरिकहरुका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाती, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव लाई अस्वीकार गर्छ। नेपालको संविधानको धारा १८ को उपधारा (२) र (३) ले कानून निर्माणमा वा यसको व्यवहारिक प्रयोगमा भेदभाव गरिने छैन भन्ने कुराको प्रत्याभूति दिन्छ।

२५. भेदभावको अन्त्य हुँदा व्यवहारिक रुपमा विभेदहिनताको परिस्थिति निर्माण हुन्छ। तर त्यतिले मात्र समानताको हकको प्रचलन हुन सक्छ भन्ने छैन। सदियौ देखि समाजमा रहेका भेदभावजन्य व्यवस्था र व्यवहारको कारण समानताको हकको प्रचलन गर्न वाधा पुगिरहेको यथार्थलाई महसुस गरेर नै धारा १८ को उपधारा (३) को प्रतिवन्धात्मक व्यवस्थाले सामाजिक वा सांस्कृतिक रुपले पछाडि परेका थारु लगायत विभिन्न वर्गको संरक्षण, शसक्तिकरण वा विकासको लागि कानून वमोजिम विशेष व्यवस्था गर्न सकिने प्रवाधान राखेको छ। सो वाक्यमा भनिएको छः

> **"तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न[२] खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन।"**

२६. नेपालको संविधानको धारा धारा १८(३) को प्रतिवन्धात्मक वाक्यांशको अतिरिक्त धारा ४२ को उपधारा (१) ले सामाजिक रुपले पछाडि परेका र आर्थिक रुपमा विपन्न वर्गहरुलाई समेत समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा

---

[२] सोही धाराको स्पष्टीकरणमा "आर्थिक रुपले विपन्न भन्नाले संघीय कानूनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनुपर्छ" भनिएको छ।

सहभागिताको हक हुनेछ भन्ने व्यवस्था गरेको छ। सकारात्मक विभेदका अन्य केही व्यवस्थाहरु संविधानमा उल्लेख भएका छन्। उदाहरणको लागि धारा ३८ को उपधारा (५), धारा ३९ को उपधारा (९), त्यसैगरी धारा ४० को समस्त व्यवस्था, त्यसैगरी धारा ४१, धारा ४२ को उपधारा (२) (५), धारा ४३ मा तत् तत् धारामा समेटिएका व्यक्ति, वर्ग र समूहलाई कानूनबमोजिम विशेष व्यवस्था गरी उल्लिखित अधिकारहरु उपभोग गर्ने अवसर पाउने व्यवस्था गरिएको छ। साथै जहाँ सकारात्मक विभेदको व्यवस्था गरिएको हो भन्ने स्पष्ट रुपमा देखिंदैन त्यहाँ पनि समानता, समान संरक्षण र विभेदहीनताको सिद्धान्तले अधिकारको प्रयोगबाट बञ्चित हुने, प्रयोगलाई निस्तेज वा निरर्थक पारिने कुरालाई स्वीकार गर्दैन। यस अर्थमा अधिकारमा पहुँच र उपयोगमा समानतालाई समानताको सिद्धान्तले आफ्नो दृष्टिभित्र राखेको नै देखिन्छ। अर्को शब्दमा, हाम्रो संविधानले समानताबारे व्यवस्था गर्दा औपचारिक समानताको परम्परागत भाष्य भन्दा अघि बढेर सारभूत समानताको सिद्धान्तलाई अंगिकार र आत्मसात गरेको छ भन्ने स्पष्ट देखिन्छ।

२७. धारा १८ र धारा ४२ समेतका व्यवस्थाको भावभूमि, अन्तरसम्वन्ध, तिनले पक्रेको सामाजिक रुपान्तरणको मार्गचित्र, अन्तर्राष्ट्रिय मानव अधिकार र तुलनात्मक विधिशास्त्रबाट प्राप्त हुने सन्देश समेतको सन्दर्भमा संविधानद्वारा प्रत्याभूत सकारात्मक विभेद र सारभूत समानताको हकको प्रचलनको समेतको विषयमा हामी दुवै जना संलग्न संयुक्त इजलासद्वारा *विनय कुमार पञ्जियार* समेतको रिट निवेदनमा विस्तृतरुपमा विवेचना भैसकेको छ[3]। धारा १८ को उपधारा (३) को प्रतिवन्धात्मक वाक्यांशवारे व्याख्या गर्दै सो फैसलामा भनिएको छः

> *सो प्रतिबन्धात्मक वाक्यमा वर्ग, लिङ्ग, उमेर, पैशा, क्षेत्र, जनसाङ्खिक उपस्थिति, शारीरिक वा मानसिक अवस्था र अशक्ततालाई जनाउँने शब्दहरु प्रयोग भएका छन्।...सो वाक्यांशमा प्रयुक्त शब्दावली हेर्दा सो व्यवस्थाले समग्रतामा जातलाई सकारात्मक विभेदको निम्ति उपयुक्त आधार नमानी वर्ग वा वर्गीयतालाई आधार बनाएको देखिन्छ। उदाहरणको लागि किसान, श्रमिक, उत्पीडित वर्ग, अशक्त, असहाय जुनसुकै जातीय वा लैङ्गिक समुदायको पनि हुन सक्ने देखिन्छ। उ आदिवासी जनजाती, खसआर्य, मधेशी वा मुस्लिम कोही पनि हुन सक्छ। त्यसैले जात नभै वर्ग वा वर्गीयता सकारात्मक विभेदको आधार हो भन्ने उक्त प्रतिबन्धात्मक वाक्यांशको सामान्य अध्ययनबाट बुझिन्छ। सो वाक्यमा प्रयोग भएका उत्पीडित वर्ग, पिछडा वर्ग, पिछडिएको क्षेत्र, आर्थिक रुपले विपन्न भन्ने शब्दहरुले आर्थिक विपन्नताको कारण पर्ने उत्पीडन, पछौटेपनलाई नै संकेत गर्छ भन्ने देखिन्छ। साथै*

[3] विनय कुमार पञ्जियार विरुद्ध चिकित्सा शिक्षा आयोग समेत ने.कां.प. २०७८ नि.नं. १०७५६ पृ १४७०.

*सो वाक्यमा जे जति वर्गहरु उल्लेख भएको छ त्यसले एकभन्दा बढी उत्पीडनलाई पनि जनाउँन सक्छ। उदाहरणको लागि कुनै व्यक्ति एकै पटक दलित, अपाङ्ग, ग्रामीण, कृषक, महिला पनि हुन सक्छ। त्यसैले धारा १८(३) को प्रतिबन्धात्मक वाक्यमा उल्लिखित विभिन्न वर्गका व्यक्तिहरुको वास्तविक पछौटेपनको पहिचान सकारात्मक विभेदको व्यवस्थाको पहिलो शर्त बन्छ। जुनसुकै लिङ्ग, वर्ग र समुदायको भए पनि विपन्नता उनीहरुको हकमा चालिने विशेष कदमको पूर्वशर्त हो। सामान्य अर्थमा पनि सकारात्मक व्यवस्था तब जरुरी हुन्छ जब उनीहरु आफ्नो वा परिवार मात्रको प्रयास वा सामर्थ्यमा आर्थिक, शैक्षिक रुपमा सक्षम व्यक्तिहरुसँग प्रतिष्पर्धा गर्न र राज्यको मूल प्रवाहमा सहभागी हुन सक्दैनन्। यसको लागि कानूनमार्फत लक्षित वर्ग अन्तर्गत पनि विशेष व्यवस्था गरिनुपर्ने व्यक्ति र समुदायको पहिचान गर्ने, हासिल गर्न खोजेको लक्ष्य, गर्न खोजिएको कार्यक्रम र समयावधिको किटान गर्ने, श्रोत साधनको व्यवस्था गर्ने, तोकिएको समयावधिभित्र लक्ष्य हासिल भयो वा भएन, कार्यक्रमको प्रभावकारिता के कस्तो छ भन्ने कुराको मुल्याङ्कन गर्ने र कार्यान्वयनको अनुगमनको व्यवस्था एवं दुरुपयोग रोक्नको लागि संस्थागत प्रबन्ध समेत गरिनु जरुरी हुन्छ।*

२८. सकारात्मक विभेदको व्यवस्था नेपालको संवैधानिक कानूनमा नेपाल अधिराज्यको संविधान, २०४७ मार्फत स्पष्टरुपमा प्रवेश गरेको हो। उक्त संविधानको धारा ११(३) ले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षणको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको र सो भन्दा अघि वढेर नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(३)ले त्यसरी कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने वर्गको पहिचान समेत गरेको देखिन्छ भने वर्तमान संविधानको धारा १८(३) को प्रतिवन्धात्मक व्यवस्थामा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका, आर्थिकरुपले विपन्न वर्ग समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानून वमोजिम विशेष व्यवस्था गर्न सकिने कुरा उल्लेख गरेको अवस्था छ। अर्को तर्फ धारा ४२(१) सामाजिकरुपले पछाडि परेका वर्गलाई समानुपातिक समावेशिताको सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागिताको हक हुनेछ भन्ने व्यवस्था पनि गरिएको छ। समानुपातिक समावेशिता वर्तमान संविधानले अङ्गिकार गरेको संवैधानिक दुरदृष्टि (Constitutional vision) हो। धारा १८(३) र धारा ४२(१) को साझा उद्देश्य समाजमा विध्यमान विभेदको अन्त्य गर्दै पिछडिएका जनताको हितमा विभिन्न किसिमका सकारात्मक पहल गर्ने हो। रोजगारीमा सकारात्मक विभेद त्यसको एउटा आयाम हो। रोजगारीमा आरक्षणको विषयमा धारा १८(३) को प्रतिवन्धात्मक वाक्यांशको अतिरिक्त धारा ४२(२)(३) र (५) मा समेतमा व्यवस्था गरिएको छ। संक्षेपमा नेपालको अन्तरिम

संविधान, २०६३ ले कानूनी व्यवस्था मार्फत सकारात्मक विभेदको जुन व्यवस्था गरी कानून मार्फत आरक्षण पाउने वर्ग समेत पहिचान गरेको थियो त्यसलाई वर्तमान संविधानको धारा १८ र ४२ ले परिमार्जन, विस्त्रितिकरण र विविधिकरण गरेको अवस्था छ। यहि क्रममा वर्तमान संविधानले थारु समुदायलाई समेत एउटा छुट्टै र स्वतन्त्र वर्गको रुपमा पहिचान गरेको देखिन्छ।

२९. धारा १८ (३) को प्रतिवन्धात्मक वाक्यांशको रोहमा सो व्यवस्थाले के जनसाङ्खिक अनुपात खोज्छ भन्ने प्रश्न पनि प्रस्तुत मुद्दामा उठेको छ। उक्त धारामा उल्लेखित सकारात्मक विभेदको व्यवस्था कानून मार्फत मात्र कार्यान्वयन हुन सक्छ। तर यस्तो कानूनले योग्यता र क्षमता नहेरी मुलुकको जातीय वा वर्गीय संरचनाको जनसाङ्खिक अनुपातलाई मात्र हेरी समानुपातिकताको आधारमा सकारात्मक विभेदको व्यवस्था कार्यान्वयन गर्न सक्दैन। यसो भनिए वा गरिएमा कतिपय अवस्थामा सकारात्मक विभेदको व्यवस्था धारा १८(१), (२), (३) द्वारा प्रत्याभूत हक अर्थात समानताको हकको विपरीत हुन जाने पनि हुन्छ। उदाहरणको लागि आरक्षणको लागि छुट्याईएको ४५ प्रतिशतलाई शत प्रतिशत मानी विभिन्न वर्गलाई जनसांख्यिक आधारमा छुट्याउने हो भने महिलाको लागी ५१ प्रतिशत पदहरुमा आरक्षण गर्नुपर्ने हुन्छ। यस्तो स्थिति अन्य वर्गमा पनि पर्न सक्छ। धारा १८ (३) को व्यवस्थाको मुल ध्येय वास्तविक पछौटेपनको पहिचान हुँदा एउटै वर्गभित्र पनि आरक्षण नचाहिने वर्ग पर्न सक्छन्। *विनयकुमार पञ्जियारको मुद्दामा* आरक्षण प्राप्त गर्न सक्ने वर्गमा परेर पनि आरक्षण नचाहिने समाजको उपल्लो तप्काका व्यक्ति, परिवार र समुदायलाई बाहेक गर्न सकेमा मात्र आरक्षण लक्षित समुदायमा पुग्नसक्ने कुरा औंल्याइसकिएको छ। सो कुरामा परिवर्तन गर्नुपर्ने कुनै कारण देखिँदैन। धारा १८(३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका **"अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य"** जस्ता शब्दहरुको सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका यस्ता वर्गका व्यक्तिहरुको संरक्षण सशक्तिकरण र विकासको निम्ती समदृष्टी र समन्याय गर्नुपर्ने आवश्यकताले पनि जनसाङ्ख्यिक प्रतिनिधित्वको चिन्तनलाई स्वीकार गर्दैनन्।

३०. *विनयकुमार पंजियारको* उपर्युक्त रिट निवेदन शिक्षामा आरक्षणसँग सम्बन्धित थियो भने प्रस्तुत रिट निवेदनहरु रोजगारीमा आरक्षणसँग सम्बन्धित छन्। यी विषयहरु पृथक-पृथक भएपनि यिनको समान उदेश्य सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडीएको वर्गको संरक्षणको सन्दर्भमा संविधानको भावभूमीमा अन्तर्राष्ट्रिय तथा तुलनात्मक विधिशास्त्रको अध्ययन र विश्लेषण समेत गरी संवैधानिक व्यवस्थाका प्ररुप, मुल तत्व र मान्यता पत्ता लगाउने रोहबाट संवैधानिक व्यवस्थाको व्याख्या गरेको छ। तसर्थ *विनयकुमार*

पंजियारको उक्त मुद्दामा गरेको विश्लेषण प्रस्तुत रिट निवेदनहरुको निरुपणमा समेत आकर्षित हुने नै देखिन्छ।

३१. अव नेपालको संविधानको धारा १८ र धारा ४२ का विद्यमान व्यवस्थाको आलोकमा निजामती सेवा ऐन, २०४९ र विभिन्न वैङ्कहरु, कानून वमोजिम स्थापित प्राधिकरण, कोष, वोर्ड, कम्पनी, विश्वविद्यालय, प्रतिष्ठान, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल लगायतका निकायका पदपुर्ति सम्बन्धी कानूनमा रहेको आरक्षण सम्बन्धी व्यवस्था विच तादम्यता छ वा छैन भन्ने दोस्रो प्रश्न तर्फ हेर्दा सकारात्मक विभेदको विषयमा २०४७ साल देखि निर्मित विभिन्न संविधानमा गरिएका सकारात्मक विभेद सम्वन्धी व्यवस्थाहरुको चर्चा माथि गरियो। यी व्यवस्थाहरु मध्ये नेपालको अन्तरिम संविधानले सकारात्मक विभेदको लागि योग्य समुदायहरुको सुचि नै राखेकोमा वर्तमान संविधानमा त्यसको विस्त्रितिकरण र विविधिकरण भएवाट सकारात्मक विभेद सम्वन्धी व्यवस्थाको पुनरावलोकन गरिनु आवश्यक देखिएको छ। मुख्य रुपमा शिक्षा र रोजगारीको विषयमा सकारात्मक विभेद सम्वन्धी विभिन्न विवादहरु नेपालको संविधानमा सकारात्मक विभेदको व्यवस्था राखिए देखि नै अदालत प्रवेश गरेका देखिन्छन्। शिक्षा र रोजगारीका विषयमा यस अदालतले विभिन्न रिट निवेदनहरु मार्फत विभिन्न आदेशहरु जारी गरेको छ। यी विभिन्न आदेशहरु मध्ये शिक्षामा आरक्षणको विषयसँग सम्वन्धित रिटहरुमा भएका आदेशहरुवारे माथि उल्लिखित *विनय पञ्जियार*को रिटमा समीक्षा गरिएको छ भने रोजगारीमा आरक्षणको विषयमा पनि केहि निर्णयहरु भएका छन्[४]। थारु समुदायको रोजगारीको हकको विषयमा *शान्ति कुमारी मोदी*को रिट निवेदनमा[५] नेपालको संविधानको धारा १८(३) को प्रतिवन्धात्मक वाक्यांश, त्यसैगरी धारा ४२(१), निजामती सेवा ऐन, २०४९ को दफा ७ लगायत स्वास्थ्य सेवा, शिक्षक सेवा, सेना, वैङ्क, संस्थान, प्राधिकरण समेतमा आरक्षणको विषयमा गरिएका व्यवस्थाहरु वारेमा जानकारी लिदै यस अदालतले *"थारु समुदायलाई समावेशिताको आधारमा आरक्षण गर्नु नपर्ने आधार, कारण दिन नसकेको अवस्था समेत लिखित जवाफबाट नदेखिंदा निवेदन दावीलाई स्वीकार गरेको देखिन्छ। संविधानमा उल्लिखित व्यवस्थाहरुलाई कार्यान्वियनमा ल्याउनको लागि प्रचलित ऐन नियममा आवश्यक संशोधन गर्ने वा नयाँ कानून वनाउने दायित्व र जिम्मेवारी नेपाल सरकार (मन्त्री परिषद)को हुन्छ। नेपाल सरकारले सो को लागि कानून संशोधन समेत गर्नुपर्ने वा आवश्यकतानुसार नयाँ कानूनको निर्माण गरी राज्यका सवै निकायमा रिक्त*

---

[४] राधिका गिरी विरुद्द लोक सेवा आयोग समेत ने.का.प. २०६७ नि. नं. ८५२७ पृ. २१२०; निलम कुमारी यादव विरुद्द नेपाल वैङ्क लिमिटेड समेत ने.का.प. २०६८ नि.नं. ८६९८ पृ. १६९०

[५] शान्ति कुमारी मोदी विरुद्द प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय २०७३-WO-०२७३ निर्णय मिति २०७४।०७।१४



CamScanner

हुने पदहरुमा भर्ना, नियुक्ति र परीक्षा सञ्चालनमा थारु समुदायको समानुपातिक समावेशी गराउने प्रावधानको व्यवस्था सरकारले गर्नुपर्ने दायित्व एवं कर्तव्यवाट उम्कन मिल्दैन। मौलिक अधिकारको व्यवस्था गरिसकेपछि त्यसको कार्यान्वयन एवं सुनिश्चितता हुनुपर्छ। संविधानमा लेखेर मात्र हुदैन, व्यवहारिकरुपमा पाउनुपर्छ। कार्यान्वयन गर्ने क्रममा राज्यले उदासिनता देखाउन मिल्दैन" भन्ने दृष्टिकोण राखी आदेश गरेको हो। तर मिति २०७४।०७।१५ मा निर्णय भएर पनि हालसम्म आरक्षणको लागि आवश्यक कानून वन्न सकेको पाइदैन। संविधानमा प्रत्याभूत हकहरु तत्काल कार्यान्वयन गर्नु राज्यको दायित्व हुँदा हुँदै पनि वर्षौंसम्म संविधानको व्यवस्थाहरुको उल्लिखित शव्द, मर्म र भावना अनुकुल कार्यान्वयन हुन नसकेको अवस्था समेत हुँदा रिट निवेदनमा उठाइएको विषयलाई थप गम्भीरतापूर्वक लिई न्याय निरुपण गर्नु आवश्यक हुन आएको छ।

३२. रोजगारीमा आरक्षणको विषयमा मुख्यरुपमा निजामति सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा निजामति सेवालाई समावेशी वनाउने खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पद मध्ये पैंतालीस प्रतिशत पद छुट्ट्याई सो प्रतिसतलाई सत प्रतिशत मानी देहाय वमोजिमका उम्मेदवार बींचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराइने छ भन्ने व्यवस्था गरी त्यसमा महिलाको लागि ३३ प्रतिशत; आदिवासी/जनजातिको लागि २७ प्रतिशत, मधेशीको लागि २२ प्रतिशत, दलितको लागि ९ प्रतिशत, अपाङ्गको लागि ५ प्रतिशत र पिछडिएको क्षेत्रको लागि ४ प्रतिशत पदहरु छुट्याई प्रतिस्पर्धा गरिने कुरा उल्लेख भएको छ। २०६३ सालमा अन्तरिम संविधान जारी गरिएपछि निजामति सेवा ऐनमा प्रवेश गराइएको आरक्षणको यो व्यवस्थाले कायम गरेको योजना वा स्किम (Scheme) वा डिजाइनलाई यो र लगाउका रिट निवेदनहरुमा विपक्षी वनाइएका वैङ्क, प्राधिकरण, वोर्ड, सेना, प्रहरी, विश्वविध्यालय लगायतका कानूनद्वारा संस्थापित निकायहरुले पनि स्वीकार गर्दै अनुसरण गरेको देखिन्छ। संविधानद्वारा प्रत्याभूत समानता, समान संरक्षण र सकारात्मक विभेदको अवधारणाबारे सन्तुलित दृष्टिकोण अपनाउदै निजामति सेवा ऐन र अन्य ऐन, नियम, विनियमहरुले गरेको आरक्षणको यो योजना विगत १५ वर्ष स्थीररुपमा कार्यान्वयनमा रहेको छ र त्यसमा निवेदकहरुले आपत्ति जनाएको पनि देखिदैन। तर यो व्यवस्था नेपालको अन्तरिम संविधान भन्दा अघि वढेर वर्तमान संविधानद्वारा पहिचान गरिएका सवै समूहहरु (Clusters) लाई समेटन नसकेको अवस्था हुँदा संविधानले आफूहरुलाई स्वतन्त्र समूहको रुपमा पहिचान गरेपछि आरक्षणको सो योजना अन्तर्गत थारु समुदायलाई अलग्गै आरक्षणको व्यवस्था गरिनुपर्छ भन्ने नै प्रस्तुत रिट निवेदनहरुमा निवेदकको मुख्य माग रहेको छ।

३३. जब नेपालको संविधानले शिक्षा तथा रोजगारीको लागि सामाजिक, सांस्कृतिक र आर्थिक दृष्टिले पिछडिएका वर्ग भनी पहिचान गरिएका वर्गको लागि समेत शिक्षा रोजगारीमा

कानूनद्वारा विशेष व्यवस्था गरिनुपर्ने भनी उल्लेख गरेको छ भने सो बारेमा कानून बन्दा ती सवै बर्ग र समूहलाई समेटिनुपर्छ। आरक्षण कानूनद्वारा गरिने ब्यवस्था हुँदा वर्तमान संविधानको व्यवस्थाको रोहमा सम्वन्धित कानूनको तत्काल पुनरावलोकन गरिनु आवश्यक हुन्छ। *शान्ति कुमारी मोदि*को रिट निवेदनमा यस अदालतले निर्देश गरेको पनि यहि नै हो। तर २०७४।०७।१५ मा यस अदालतले आदेश दिए पश्चात यतिका समय बितिसक्दा पनि निजामति सेवा ऐन, अन्य ऐन, नियम, र विनियमका आरक्षण सम्वन्धी व्यवस्थाहरुमा वर्तमान संविधान वमोजिम पुनरावलोकन र परिमार्जन हुन सकेको पाइएन।

३४. प्रस्तुत रिट निवेदनमा थारु समुदायको सन्दर्भ हुँदा सो दृष्टिवाट हेर्दा थारु समुदायलाई अलग्गै समुदायको रुपमा पहिचान् गरिएपछि यो समूहले मधेशी वा आदिवासी।जनजाती समूहवाट निवेदन दिन पाउँछ भन्ने विपक्षीहरुद्वारा लिएको तर्क संविधानको व्यवस्थाको रोहमा मिल्ने देखिदैन। तर यहाँ थारु समुदायको कुरा उठे पनि वर्तमान संविधानले पहिचान गरेका सवै वर्ग र समूहको हकमा यो कुरा उठ्ने कुरा स्वभाविक हुन्छ। त्यसैले यो विषयलाई सबै समूहको हकमा एकैपटक सम्वोधन गरिनु वान्छनीय हुने देखिन्छ[६]। सार्वजनिक सरोकारको निवेदनमा निर्णय गर्ने सन्दर्भमा अदालतले यस विषयमा उपयुक्त आदेश दिन सक्ने नै हुन्छ।

३५. आरक्षणको व्यवस्था समानता, समान संरक्षण, विभेदहिनता, सहभागिता र समान फाइदा समेतका सिद्धान्तहरुबाट अनुप्राणित रहनुपर्छ। त्यसका निम्ति जनसांख्यिक अवस्थाको साथ साथै सामाजिक, सांस्कृतिक, आर्थिक पछौटेपनबाट यो व्यवस्था सुसुचित रहनुपर्ने हुँदा आरक्षणको लागि छुट्ट्याएको ४५ प्रतिशतलाई आधार मान्दै त्यसलाई १०० प्रतिशत वनाई सो व्यवस्थामा वर्तमान संविधानले पहिचान गरेका सामाजिक, सांस्कृतिक र आर्थिक रुपले पिछडिएको कुन वर्ग र समूहको लागिं के कति प्रतिशतको दरले गरिनुपर्ने हो भन्ने विषयमा विधायिकाबाटै यकिन गरी संविधानको धारा १८(३) को प्रतिवन्धात्मक वाक्यांश तथा धारा ४२ मा उल्लेख भएका वर्गको लागि आरक्षणको व्यवस्था तत्काल गरिनु अपरिहार्य र अनिवार्य देखिन्छ। सो गर्दा विधायिकाले आरक्षणको लक्ष्य, प्राप्त गर्न खोजेको उपलव्धी, समयावधि, अनुगमन र पुनरावलोकनको विषयमा समेत स्पष्ट दृष्टिकोण निर्माण गरी, विभिन्न कारणवाट वास्तविकरुपमा पछाडि परेका नागरिकहरुको जीवनको वास्तविक भोगाईलाई जानकारीमा लिई, वन्चितिकरणको प्रकृति र यथार्थ अवस्था समेतलाई व्यक्तिगत तहमा समेत परख हुने व्यवस्था गर्दै निश्चित मानकको आधारमा जुन वर्ग र व्यक्तिको लागि आवश्यक हो त्यसमा पुग्ने र आरक्षित

[६] यस्ता पहिचान भएका समूहले यस आफ्नो हक रक्षाको लागि यस अदालतको ढोका घचघच्याउने क्रम शुरु भइसकेको छ। हेर्नुहोस, इस्लामिक सास्कृतिक केन्द्रको तर्फवाट आशिक अलि विरुद्द नेपाली सेना समेत (०७८-WO-१२४६)



CamScanner

वर्गमा परेर पनि व्यक्तिगत र पारिवारिक उन्नति गरिसकेका र आरक्षणको सुविधा नचाहिने देखिएका उपल्लो तप्काका व्यक्तिहरु बाहेक गर्न सकिने यथार्थपरक व्यवस्था र प्रवन्ध गर्नुपर्छ। त्यसो गरेमा मात्र तत्काल अधिकारमा समान पहुँच र उपभोगमा समानता कायम हुने र समतामूलक समाज निर्माण गर्ने संविधानको परिलक्ष्य सार्थक हुने देखिन्छ।

३६. अब निवेदकको माग वमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने अन्तिम प्रश्न तर्फ हेर्दा, वर्तमान संविधानले मौलिक हकको रुपमा स्वीकार गरिसकेको सकारात्मक विभेद सम्वन्धी व्यवस्थाको कार्यान्वयन गर्न संविधानको धारा ४७ ले तीन वर्ष भित्र कानूनी व्यवस्था गरिसक्नुपर्ने कुराको निर्देश मात्र नगरी यसलाई पनि हककै रुपमा स्वीकार गरेको अवस्था र सो विषयमा कानून निर्माण गर्नु भन्ने यस अदालतवाट निर्देश भएको समेत यतिका वर्ष वितिसक्दा पनि हालसम्म सो व्यवस्था हुन नसकेको पाइएकोबाट यस बारेमा अब धेरै कुर्ने, अलमल गर्ने कुरा संविधानको व्यवस्थाहरुको रोहमा स्वीकारयोग्य हुने देखिएन। बहसको क्रममा सरकारको तर्फवाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ताले सरकारले यो विषयलाई प्राथमिकतामा राखेको र संघीय निजामति सेवा ऐन संसदको यसै अधिवेशनमा पेश गर्ने योजनामा रहेको बारे इजलासलाई जानकारी गराउनुभयो। यो कुरालाई सकारात्मक रुपमा लिंदा लिंदै पनि मौलिक अधिकारको रुपमा प्रत्याभूत व्यवस्थाको कार्यान्वयनको लागि संविधानले नै तीनवर्ष तोकेको अवस्थामा यो विषयमा कार्यपालिकी वा विधायिकी वुद्दिमता वा अन्य कुनै कारण उल्लेख गरी विलम्व गरिने कुरा स्वीकारयोग्य हुन सक्दैन। आरक्षणको व्यवस्थाको कार्यान्वयन कानून मार्फत गरिनुपर्ने हुँदा संघीय निजामति सेवा ऐन तथा अन्य ऐन, नियम, विनियम समेतका सेवा सम्बन्धी कानूनी व्यवस्थाको निर्माण लगायत आवश्यक सवै प्रवन्ध मिलाउने कार्य यो आदेश प्राप्त भएको ९ (नौ) महिना भित्र सम्पन्न गर्नू गराउनू भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेतका विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरिएको छ।

३७. निवेदनमा हाल गरिएका विज्ञापनहरु उत्प्रेषणको आदेशद्वारा बदर गरी थारु समुदायलाई समेत संलग्न गरी पुनः विज्ञापन गर्नु भन्ने परमादेश जारी गरिपाँऊ भन्ने समेत माग रहेको सन्दर्भमा हेर्दा, यो र आजै पेश भएका अन्य रिट निवेदनहरुमा समेत हेर्दा निवेदकहरु मध्ये कोहि पनि विज्ञापित पदमा दरखास्त दिएका व्यक्ति नभई निजहरुले यो विषय सार्वजनिक सरोकारको विषय हो भनी निवेदन गरेबाट व्यक्तिगत रुपमा हक अधिकार हनन् भएको भन्ने विषय देखिएन। साथै कतिपय विज्ञापनहरुको हकमा लिखित परीक्षा तथा अन्तरवार्ताको कार्य सम्पन्न भई नियुक्ति समेत दिई सकेको भन्ने उल्लेख भएको पाइयो। सेवा सम्वन्धी ऐन, नियम, विनियममा व्यवस्था नगरी आरक्षण सम्वन्धी



CamScanner

व्यवस्थाको कार्यान्वयन गर्न नसकिने र सो व्यवस्था गर्दा रोजगारीको आरक्षणको लागि समाहित हुने कुन वर्ग र समूहको लागि कति प्रतिशत आरक्षण गर्ने, पछौटेपनको मापन र सहभागिताको आधार के हुने भन्ने कुरा कार्यपालिका तथा विधायिकाले संविधानका व्यवस्थाहरुको रोहमा तय गर्नुपर्ने हुँदा केवल जनसाङ्खिक आधारमा अहिले नै थारु वा यो समूहको लागि यो यति प्रतिशतले पदहरु आरक्षण गर भन्न मिल्ने देखिँदैन। साथै सरकार सञ्चालनको आवश्यकता र विज्ञापन रोकिदा त्यसमा पर्ने असर समेतलाई मध्यनजर गर्दा हाल गरिएका विज्ञापनहरु रोक्नु न्यायपूर्ण हुने पनि देखिएन। तर साथसाथै सरकार सञ्चालनको आवश्यकताको नाममा सधैं यस्तै तर्कहरु आइरहने र संविधानद्वारा प्रत्याभूत हकहरुको कार्यान्वयन नहुने अवस्थाको अन्त्य गरी समावेशी लोकतन्त्रको आधारमा समाजिक तथा आर्थिक रुपान्तरणलाई प्रवर्दन तथा दीगो शान्ति, विकास र समृद्दिको संवैधानिक अभिष्टलाई कार्यान्वयन गर्नुपर्ने राज्यको दायित्वलाई समेत दृष्टिगत गर्दा कानून निर्माणको अभावमा प्रत्याभूत अधिकारको प्रचलन हुन नसकेबाट आरक्षणको लागि योग्य वर्गमा हुन गएको क्षतिको पूर्ति हुनुपर्ने देखियो।

३८. तसर्थ माथि उल्लिखित अवधि भित्र आवश्यक कानूनी प्रवन्ध मिलाइएपछि सो कानूनी व्यवस्थाले थारु लगायत हालसम्म नसमेटिएका अन्य नयाँ आरक्षित वर्गको लागि जे जस्तो अनुपातमा आरक्षणको व्यवस्था गर्छ सो व्यवस्था लागु भए पश्चात कायम हुन आउने कुल पदहरुमध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट यो आर्थिक वर्ष (अर्थात आर्थिक वर्ष २०७९।८०) मा आरक्षण नगरिएबाट वास्तविकरुपमा गुम्न गएका पदहरु समेत समेटी हुन गएको क्षतिको समेत पूर्ति हुने प्रवन्ध मिलाउनु भनी विपक्षी राष्ट्रिय बाणिज्य बैंक लगायत प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सम्वन्धित मन्त्रालय एबं लोकसेवा आयोग, प्रदेश लोकसेवा आयोग, शिक्षा सेवा आयोग, विभिन्न वैङ्कहरु, कानून वमोजिम स्थापित प्राधिकरण, कोष, वोर्ड, कम्पनी, विश्वविद्यालय, प्रतिष्ठान, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल समेतका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

- आरक्षणको व्यवस्थाको कार्यान्वयन कानून मार्फत गरिनुपर्ने हुँदा संघीय निजामति सेवा ऐन तथा अन्य ऐन, नियम, विनियम समेतका कानूनी व्यवस्थाको निर्माण लगायत आवश्यक सबै प्रवन्ध मिलाउने कार्य यो फैसला प्राप्त भएको ९ (नौ) महिना भित्र सम्पन्न गर्नू गराउनू भनी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, संघिय संसद सचिवालयलाई जानकारी दिनू.....................१

- प्रस्तुत फैसला कार्यान्वयन भए नभएको सम्बन्धमा सम्बन्धित निकाय मार्फत मासिक रुपमा जवाफ तथा प्रतिवेदन लिनु भनी फैसला कार्यान्वयन निर्देशनालयलाई जानकारी दिनू..........................................................................................२
- प्रस्तुत आदेश विद्युतीय प्रणालीमा अपलोड गरी दायरीको लगत कट्टा गर्नू र मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू..............................................३

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः- लिलाधर सुवेदी*, राजन खनाल

कम्प्यूटर टाईपः- विकेश गुरागाई

**इति सम्वत् २०७९ साल माघ महिना २४ गते रोज ३ शुभम् ------------------------।**



CamScanner